# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः ०४ मार्च २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले फिनल्याण्डको राष्ट्रपति अलेक्ज्याण्डर स्टबको भ्रमणले भारत-फिनल्याण्ड सम्बन्धलाई नयाँ उचाइमा पुग्ने बताउनु भयो।

२. पश्चिम एसिया र खाडी क्षेत्रको अवस्थालाई मध्यनजर गर्दै विदेश मन्त्रालयले कन्ट्रोल रुम स्थापना गरेको छ।

३. रंगहरूको पर्व होली आज देशको विभिन्न हिस्साहरुमा उत्साहपुर्वक मनाइँदैछ।

४. नेपालमा भोली हुने चुनावका लागी अन्तिम तयारी पुरा गरिएको छ।

५. कलकत्ताको शहीद रमन एफसी, चौथो गोर्खा चेली फूटबल प्रतियोगिताको सेमिफाईनलमा प्रवेश गरेको छ।

**फिनल्याण्ड राष्ट्रपतिको भ्रमण**

फिनल्याण्डको राष्ट्रपति अलेक्ज्याण्डर स्टब भारतको राजकीय भ्रमणमा आज बिहान नयाँ दिल्ली आइपुग्नु भएको छ। उहालाई विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले हवाई अड्डामा स्वागत गर्नुभयो र गार्ड अफ अनर प्रदान गर्नुभयो। श्री स्टब रायसिना संवाद 2026 मा प्रमुख अतिथि र मुख्य वक्ता हुनुहुन्छ। नयाँ दिल्ली आइपुगेपछि, श्री स्टबले सोशल मीडिया पोस्टमा आफ्नो भ्रमणले व्यापार सहित दुई देशहरू बीचको सम्बन्धलाई अझ बलियो बनाउने बताउनुभयो।फिनल्याण्डको राष्ट्रपतिलाई भारतमा स्वागत गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो उहाको भ्रमणले भारत-फिनल्याण्ड सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउनेछ। प्रधानमन्त्रीले भन्नुभयो उहा भोलि राष्ट्रपति स्टबलाई भेट्न र रायसिना संवाद 2026 मा उहाको मुख्य भाषणको प्रतिक्षामा छन्।

**विदेश मंत्रालय-विशेष नियंत्रण कक्ष**

पश्चिम एसिया र खाडी क्षेत्रको अवस्थालाई मध्यनजर गर्दै विदेश मन्त्रालयले कन्ट्रोल रुम स्थापना गरेको छ। कन्ट्रोल रुममा सम्पर्क बिहान नौ बजेदेखि राति नौ बजेसम्म टेलिफोनमार्फत सम्पर्क गर्न सकिने छ। ती नम्बरहरू हुन् 18 00 11 87 97 या 011-2301 2113, 011-2301 4104 तथा 011-2301 7905। यसका अतिरिक्त, संघर्ष क्षेत्रमा भारतीय दूतावासहरूले सुरक्षा उपायहरू र सम्भावित उद्धार उपायहरूमा मद्दत गर्न चौबीसै घण्टा आपतकालीन हेल्पलाइन पनि स्थापना गरेका छन्।

**पश्चिम एशिया संघर्ष**

इरानको राजधानी तेहरानमा रहेको बासिज मुख्यालय र आन्तरिक सुरक्षा कमान्ड सेन्टरमा इजरायलले शृंखलाबद्ध आक्रमण गरेपछि मध्यपूर्वमा संकट गहिरिएको छ। इस्राइली रक्षा बल-आई डी एफले एक सोशल मीडिया पोस्टमा यी लक्षित कमान्ड सेन्टरहरू इरान शासनले इरानभरि नियन्त्रण कायम गर्न प्रयोग गरेको बताएका छन। आईडीएफले इरानका मिसाइल लन्चर र अन्य प्रणालीलाई पनि निशाना बनाएको थियो। इजरायली वायु सेनाले पनि एक सोशल मीडिया पोस्टमा इरानको हवाई क्षमतामा आक्रमण जारी राखेको छ र हवाई रक्षा प्रणाली सञ्चालन गर्ने इरानी सैनिकहरूलाई गोली मारिएको बताएको छ। अमेरिकास्थित मानवाधिकार कार्यकर्ता समाचार एजेन्सीका अनुसार इरानमा २८ फेब्रुअरी देखि अहिलेसम्म १ हजार ९७ जना सर्वसाधारणको मृत्यु भएको छ।

इरानको रिवोल्यूशनरी गार्ड्स कोरले अमेरिका र इजरायली ठेगानामा १७ औं आक्रमण गरेको बताएको छ। इरानमाथि इजरायली–अमेरिकी आक्रमणको जवाफ आईआरजीसीले तीन ठूला अपरेसनमार्फत दिएको थियो। आज **ऑपरेशन ट्रू प्रॉमिस -4** को अर्को चरणको घोषणा गर्दै आईआरजीसीको जनसम्पर्क विभागले रिपोर्ट गरेको छ कि इजरायल-अमेरिका संयुक्त आक्रमणको लगत्तै यसको भूमि सेनाले कब्जा गरिएका क्षेत्रहरू र अमेरिकी लक्ष्यहरूमा २३० भन्दा अधिक ड्रोनहरू फायर गरे।

**विशेष गहन पुनरीक्षण**

पश्चिम बंगालमा जारी मतदाता नामावलीको विशेष गहन संशोधनको क्रममा कथित लापरवाहीको बारेमा मुख्य निर्वाचन अधिकारीको कार्यालयले निर्वाचन आयोगको मुख्यालयलाई विस्तृत र कडा टिप्पणी भएको रिपोर्ट पठाएको छ। रिपोर्टमा आरोप लगाइएको छ कि केही मतदाता दर्ता अधिकारी र सहायक मतदाता दर्ता अधिकारीहरू जानाजानी आफ्नो कर्तव्य निर्वाहमा लापरवाह छन्। स्रोतका अनुसार सुनुवाइका क्रममा मतदाताले बुझाएका कागजात तोकिएको समयसीमाभित्र सिस्टममा अपलोड नभएका कैयौँ घटना रिपोर्टमा उल्लेख छन् । आयोगको निर्देशनअनुसार सबै कागजात एकै दिन अपलोड गर्नुपर्ने भए पनि कतिपय अवस्थामा अन्तिम क्षणसम्म प्रक्रिया स्थगित गरिएको थियो । यस ढिलाइको कारण, अपूर्ण प्रक्रियाको कारण ठूलो संख्यामा मुद्दाहरू निर्णयको लागि पठाउनु पर्यो। मुख्य निर्वाचन अधिकारीको कार्यालयले आफ्नो रिपोर्टमा केही केसहरूमा ढिलाइ जानाजानी गरिएको देखिएको, जसका कारण न्यायिक विचाराधीन मुद्दाहरूको संख्यामा वृद्धि भएको उल्लेख छ। त्यस्ता अधिकारीमाथि अनुशासनको कारबाही गर्न पनि सिफारिस गरिएको छ । तर, अन्तिम निर्णय निर्वाचन आयोगले नै गर्नेछ । यो घटनाक्रम यस्तो समयमा आएको छ जब २८ फेब्रुअरीमा राज्यको अन्तिम मतदाता सूची प्रकाशित भएको थियो, जसमा करिब ६० लाख मुद्दाहरू न्यायिक विचारका कारण समावेश गरिएको थिएन। अधिकारीहरूले स्पष्ट पारेका छन् कि मुद्दाहरू निपटाएपछि पूरक सूची चरणबद्ध रूपमा जारी गरिनेछ

**होली**

रंगहरूको पर्व होली आज देश भरि उत्साहपुर्वक मनाइँदैछ। यो पर्व नराम्रो माथि राम्रोको विजयको प्रतीक हो र यसले वसन्त ऋतुको आगमनको संकेत गर्दछ। होलीले समानता र भ्रातृत्वको सन्देश फैलाउँछ किनकि यो जात, धर्म, रंग, आयु र लिङ्गको भेदभाव नगरी समाजका सबै वर्गले ठूलो उत्साहका साथ मनाउँछन्।यस दिन मानिसहरूले एकअर्कालाई रङ लगाउँछन्, शुभकामना आदानप्रदान गर्छन् र मिठाईको आनन्द लिन्छन्।

राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले होलीको अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्णलाई शुभकामना व्यक्त गर्नुभएको छ । एक सोशल मीडिया पोस्टमा राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो 'रंगहरूको यो पर्वले मानिसहरूको जीवनमा प्रेम र आशा ल्याउँछ र एकता र भाइचारालाई बलियो बनाउँने यस पर्वले खुशीको संचार र समृद्ध राष्ट्र निर्माणका लागि सबै देशवासीलाई एकजुट भएर लाग्न प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्दछ । उपराष्ट्रपति सीपी राधाकृष्णनले एक सोशल मीडिया पोस्ट गर्दै भन्नुभयो, 'यो चाडले असत्यमाथि राम्रोको विजय र वसन्तको आगमनको प्रतीक हो। यस्तै एक सोशल मीडिया पोस्टमा प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो'होलीको चाडले सम्पूर्ण वातावरणलाई नयाँ ऊर्जाले भरिदिन्छ, जुन यसको सबैभन्दा ठूलो विशेषता हो । लोकसभा अध्यक्ष ओम बिरला, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले आज सबै देशवासीहरूलाई होली मनाउन शुभकामना दिएका छन्।

**ममता-होली**

मुख्यमन्त्री ममता बनर्जीले होलीको अवसरमा शुभकामना दिनुभयो । हिन्दी र अंग्रेजी दुवै भाषामा दिएको शुभकामनामा भन्नुभयो रङहरूको यो शुभ चाडले हरेक घरलाई आनन्द र उल्लासले भरिदेओस् र समाजमा प्रेम र सद्भावलाई बलियो गरोस्। आफ्नो सन्देशमा मुख्यमन्त्रीले सबै वर्गका जनतालाई आपसी भाइचारा कायम राख्न अपील गर्नुभयो। उहाले होली रङको पर्व मात्र नभएर एकता र सद्भावको प्रतीक पनि भएको र यसले समाजलाई एकताको सूत्रमा बाँध्ने काम गरेको बताउनु भयो ।

यता दार्जिलिंग पहाडका विभिन्न स्थानहरूमा होली पर्व धुमधामका साथ मनाइयो। क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायका मानिसहरू एक भएर रिसराग, घमण्ड, कलह सबै त्यागेर भाइचाराको सन्देश दिँदै सबैले एकअर्कालाई अबिर अथवा विभिन्न किसिमका रङहरु लगाएर, ढोल बजाउँदै खुसियाली मनाए।

**भाजपा-राज्यसभा**

भारतीय जनता पार्टीले ६ राज्यमा हुने २०२६ राज्यसभा द्विवार्षिक चुनावका लागि नौ उम्मेदवारको घोषणा गरेको छ। पाँच सिट खाली रहेको बिहारमा भाजपाले पार्टी अध्यक्ष नितिन नवीन र प्रदेश नेता शिवेश कुमारलाई उम्मेदवार बनाएको छ । मार्च

१६ मा हुने निर्वाचनका लागि नामाङ्कन पत्र भर्ने अन्तिम मिति भोलि छ। यता पश्चिम बंगालमा पाँच सिटमा हुन लागेको चुनावमा भाजपाले पूर्व अध्यक्ष राहुल सिन्हालाई आफ्नो उम्मेदवार बनाएको छ।

**नेपाल चुनाव**

नेपालमा भोली 5 मार्चको दिन एक करोड़ 80 लाख भन्दा अधिक नेपाली नागरिकहरुले आफ्नो नयाँ नेताको चुनाव गर्न मतदान गर्नेछ। चुनावको लागि सबै तैयारिहरु पुरा भैसकेको छ अनि नेपाल निर्वाचन आयोगले निष्पक्ष अनि शांतिपूर्ण चुनाव सुनिश्चित गर्नको लागि आचार संहिता कठोरता पुर्वक पालन गरिरहेको छ।

**byte**

चुनाउलाई ध्यानमा राख्दै हिज देखि पश्चिम बंगाल नजिकै भारत-नेपाल सीमा 72 घण्टाको निम्ति बन्द गरिएको छ। पानीट्याङ्की सीमामा आवागमन पूर्ण रूपमा रोकिएको छ। यस अवधि दुई देशबीच नागरिकहरूको आवागमन र व्यावसायिक गतिविधिहरू पूर्ण रूपमा रोकिएको छ। यद्यपि, आपतकालीन सेवाहरू अन्तर्गत एम्बुलेन्स सेवाहरू सञ्चालनमा राखिएको छ। प्रशासनले 06 मार्च बिहानदेखि सीमापारी आवागमन पुनः सामान्य हुने बताएको छ। पानीट्याङ्की सीमामा व्यापार मुख्यतया नेपाली नागरिकहरूमा निर्भर गर्दछ, त्यसैले सीमा बन्दले स्थानीय व्यवसायहरूलाई असर पर्नु निश्चित छ। सीमा क्षेत्रका व्यापारीहरूले नेपालमा हुने चुनाउ र नयाँ सरकार गठनलाई पनि ध्यानमा राखेका छन्।

**अन्तराष्ट्रिय महिला दिवस**

दार्जिलिंगको गोकमा अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम गरिने भएको छ। यस क्षेत्रको हिमालय महिला बहुउद्देश्यीय प्राथमिक सहकारी समिति लिमिटेड गोक एकको आयोजनामा आगामी आठ मार्च आईतवारको दिन अन्तर्राष्ट्रिय महिला दिवस कार्यक्रम सम्पन्न गर्ने भएको छ। यस कार्यक्रमको जानकारी गराउदै समितिका सचिव नन्दिता राईले गोक सार्वजनिक भवनमा भव्य रूपमा कार्यक्रम गरिने बताइन भने लगभग 40 वटा स्वनिर्भर दलका सदस्यहरु उपस्थित हुने बताउदै अन्य सामाजिक विशिष्ट व्यक्तिहरू पनि कार्यक्रममा उपस्थित रहने उनले बताइन्।

**(WBSEDCL)**

अन्तत पश्चिम बंगाल राज्य बिद्युत बितरण कम्पनी लिमिटेड (WBSEDCL) -द्वारा रिम्बिक लोधोमा समष्टि अन्तर्गत रिन्जी पूल(फेन्चेटार)को मर्मती कार्य सुरु गरेको छ। जीर्ण बन्दै गईरहेको यो पूल राम्माम हाईडल प्रोजेक्टको पहलमा मर्मती कार्य भइरहेको छ। यस कार्यको लागि क्षेत्रवासीले सम्बन्धित बिभागलाई धन्यवाद दिएका छन् भने राम्माम हाईडल प्रोजेक्टद्वारा नै पालमजुवा अनि धोत्रेको स्टील ब्रीज पनि मर्मती हुने जानकारी प्राप्त भएको छ। स्मरण रहोस् गत केही समयअघि मात्र क्षेत्रीय सभासद नोर्देन शेर्पाले पश्चिम बंगाल राज्य बिद्युत बितरण कम्पनी लिमिटेड समक्ष उक्त विषयमा पत्रचार गरेका थिए भने सभासद शेर्पा अनि पश्चिम बङ्गाल विद्युत विभाग अधिकारीहरूबीच एक बैठक पनि सम्पन्न भएको थियो। जुन बैठकमा मानेभन्ज्याङदेखि गुम्बाडाँडासम्मको सडक पुननिर्माण कार्य प्रोजेक्टद्वारा गरिने भएको थियो भने रिन्जीपुल, पालमाजुवा अनि धोत्रेको स्टिल ब्रिज पनि मर्मती गरिने भएको थियो। फलस्वरूप रिन्जी पुलको मर्मतीकार्य सुरु भएको हो।

**गोरानासं**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आफ्नो संगठन बिस्तारलाई तीव्र बनाउदै आज गोर्खा राष्ट्रिय नारी संगठन मिरिक ब्राञ्च कमिटी गठन गरेका छन् ।आज तराईको उत्तर च्यांगा साइनगरमा कम्युनिटी हलमा आयोजित सभाबीच सर्वसम्मतिले मिरिक ब्राञ्च कमिटी गोरानासं अध्यक्षाको पदमा गिता प्रधान अनि उपाध्यक्षामा मेनुका शाहलाई चयन गरिएका छन्। यसैगरी सचिवामा सबिना तामाङ सहसचिवामा देवी खवास लाई चयन गरिएका छन्। कोषाध्यक्षामा कविता तामाङ अनि कैलाश तामाङलाई चयन गरिएका छन्। केन्द्रीय कमिटी सचिव अर्पना भारतीको सभापतित्वमा सम्पन्न सभामा गोरानासं केन्द्रीय अध्यक्षा मणिकला तामाङ , उपाध्यक्षा कमला राई सचिव अमृता छेत्री सहसचिवा फम्पा लामा , सेक्रेटरी जनरल अन्जिला देवान रोमा शर्मा ,लिला परियार, प्रेणा शेर्पा , बिमला थुलुङ , लक्ष्मी शर्मा , गोरानासं दार्जीलिङ ब्राञ्च कमिटी अध्यक्षा बसुन्धारा प्रधान अनि सर्जु तामाङ उपस्थित

रहेका थिए।

## चौथो गोर्खा चेली

जीटीए युवा मामिला एवम् खेलकुद विभागको सहयोगमा खरसाङ (Kurseong) फूटबल एसोसिएशनको तत्त्वावधानमा आयोजित चौथो गोर्खा चेली (Gorkha Cheli) महिला फूटबल प्रतियोगिताको चौथो क्वार्टर फाइनलमा शहीद रमन एफसी, कलकत्ता (Kolkata) ले इलाम एफसी नेपालविरुद्ध 1-0 ले जीत हासिल गर्दै सेमिफाईनलमा प्रवेश गरेको छ। विजेता टीमको तर्फबाट एकमात्र गोल सुश्मिता हेम्बरम ले गरिन्। शहीद रमन एफसी ले अब 6 मार्चमा खेलिने सेमिफाइनलमा स्टार वरियर्स झारखण्डको चुनौती स्वीकार्नेछ। प्रतियोगितामा जम्मा 12 वटा शीर्ष टीमहरूले हिस्सा लिएको छ। फाइनल 8 मार्चमा हुनेछ भने प्रतियोगितामा च्याम्पियन हुने टीमलाई आकर्षक ट्रफीको साथमा 2 लाख रुपियाँको नगद पुरस्कार प्रदान गरिनेछ।

## रिम्बिक

रिम्बिक लोधोमा समष्टि अन्तर्गत झेपी ग्राम पञ्चायतको बतासे खेल मैदानमा हिमालयन स्पोर्टिङ्ग क्लबद्वारा आयोजित लोसार कप–२०२६ को दोस्रो संस्करण  भव्य रूपमा समापन भएको छ। कार्यक्रमको प्रमुख अतिथि जी टी ए पर्यटन विभागिय प्रमुख तथा क्षेत्रीय सभासद नोर्देन शेर्पा उपस्थित थिए भने विशिष्ट अतिथिहरूमा कर्मअध्यक्ष मिलन प्रधान, ग्राम पञ्चायत सदस्यहरू थिए भने क्षेत्रका अन्य वरिष्ठ व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। पारम्परिक अनि सांस्कृतिक प्रदर्शनीसँगै सुरु भएको कार्यक्रममा लोसार विषयमा पनि वक्ताहरुले प्रकाश पारेका थिए। यसैबीच प्रतियोगिताको फाइनल ब्रदरहुड सिक्किम अनि उत्तम सेभेन सुम्बुकमाझ भिडन्त भयो। खुबै रोमाञ्चक म्याचमा निर्धारित समयसम्म बराबरीमा खेलेपछि  टाइ–ब्रेकरमा पुगेको थियोजहा टाइ–ब्रेकरमा उत्तम सेभेन सुम्बुकले ब्रदरहुड सिक्किमलाई ६–५ गोल अन्तरले पराजित गर्दै लोसार कप–२०२६ को उपाधि जित्न सफल भयो।  यसैगरी, भेटेरन्स कप फाइनलमा डाली मिक्सअपभेटेरन्सले भेनस नेपाललाई ४–१ गोल अन्तरले पराजित गरेको छ। तियोगिता सफल बनाउन सहयोग गर्ने सम्पूर्ण अतिथि, खेलाडी, प्रायोजक तथा दर्शकप्रति आयोजक क्लबले  आभार व्यक्त गरेको छ। लोसार कपले स्थानीय स्तरमा खेलकुद विकास, आपसी एकता र भाईचारा प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको छ।

****** ० ******